नेपाली

Vol.56 | 2026.04

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation





इभेन्ट

# पच्चहत्तरौं ओोता सहर बाल गार्डन पार्टी



©Ota City

ओता सहर भित्रका 11 ठाउँहरूका कार्यक्रमस्थलहरूमा ओता सहर बाल गार्डन पार्टीको आयोजना गरिनेछ। बालबालिकाहरूले स्थानीयहरूसँग खेल, खेलकुद आदिको मज्जा लिँदै विभिन्न कुराहरूको अनुभव गर्न सक्नेछन्। गत साल लगभग 50,000 जना व्यक्तिहरू भाग लिनुभयो। प्रत्येक कार्यक्रमस्थलमा रमाइला कार्यक्रमहरूको व्यवस्था गरिनेछ। हामी धेरै बालबालिकाहरू र समुदायका सबै सदस्यहरूको सहभागिताको अपेक्षा गरिरहेका हुनेछौं। कार्यक्रमस्थल ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।
खेल, खेलकुद आदिको विवरण परिवर्तन हुन सक्छ।



🕘 2026 साल अप्रिल 26 तारिख (आइतबार) 10:00 am~3:00 pm
*वर्षाको बेला छिटो समाप्त हुन सक्छ।

📞 स्थानीय गतिविधि प्रवर्द्धन शाखा युवा स्वस्थ विकासको जिम्मेवार कर्मचारी
☎ 03-5744-1223 Fax 03-5744-1518
Email：seishonen@city.ota.tokyo.jp

🕘 ···· कहिले 👛 ···· रकम 👤 ···· कति जना 📍 ···· कहाँ 📄 ···· आवेदन दिने तरिका 💻 ···· आवेदन दिने ठाउँ 📞 ···· सम्पर्क

## कोर्स प्रारम्भिक जापानी भाषा कोर्स (चरण 1)



©Ota City

**यो कोर्स पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरूको लागि हो।
तपाईंले कुल 16 पटकको क्लासहरू लिएर हिरागाना र काताकानादेखि सजिला कुराकानीसम्म अध्ययन गर्न सक्नुहुनेछ।**

समयतालिका 2026 साल मे 18 तारिख, 21 तारिख, 25 तारिख, 28 तारिख, जुन 1 तारिख, 4 तारिख, 8 तारिख, 11 तारिख, 15 तारिख, 18 तारिख, 22 तारिख, 25 तारिख, 29 तारिख र जुलाई 2 तारिख, 6 तारिख, 9 तारिख (हरेक हप्ता सोमबार र बिहीबार)
समय 10:00 am~12:00 pm
विस्तृत जानकारीको लागि वेबसाइट हेरी निश्चय गर्नुहोस्।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(टोक्यो महानगरपालिका ओता सहर कामाता 4-16-8 2F)

प्रति व्यक्ति 2,000 येन
(क्लास 16 पटक, किताब र अन्य सामग्री खर्च)

15 जना
(धेरैले आवेदन दिएको खण्डमा गोलाप्रथा गरिनेछ)

अन्तर्राष्ट्रिय सहर ओता संघको होमपेज

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 Fax 03-6410-7982
Email：info@ota-goca.or.jp

## कोर्स ManaViva क्लासको लागि आवेदन खुला

**यो वयस्कहरूले हिरागाना, काताकाना, सरल वाक्यहरू जस्ता दैनिक जीवनमा आवश्यक जापानी भाषाको अक्षर पढ्ने र लेख्ने तथा जापानी भाषा, अङ्कगणित जस्ता आधारभूत कुराहरू अध्ययन गर्ने ठाउँ हो। साथीहरू र कर्मचारीहरूसँग मिलेर अध्ययन गरौं।**

**दायरामा पर्ने व्यक्तिहरू**
- **ओता सहरमा बसोबास, अध्ययन वा काम गर्ने व्यक्ति भई, आधारभूत कुराहरू अध्ययन गर्न चाहने वा पुनःअध्ययन गर्न चाहने व्यक्तिहरू**
- **जापानी भाषामा कुराकानी गर्न सक्ने 16 वर्ष वा सोभन्दा बढीका व्यक्तिहरू (सबै राष्ट्रका व्यक्तिहरू। बाल हेरचाहको सुविधा छ।)**

***विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।**

2026 साल मे 10 तारिख (आइतबार)~2027 साल मार्च 7 तारिख (आइतबार)
कुल 24 पटक, हरेक पटक आइतबार 2:00 pm~4:00 pm
मिति र समय सम्बन्धी विस्तृत जानकारीको लागि वेबसाइट हेरी निश्चय गर्नुहोस्।

उपभोक्ता केन्द्र (ओता सहर कामाता 5-13-26) 2F ठूलो सभा कक्ष अथवा ओता सहर कार्यालय मुख्य भवन मिटिङ रुम

निशुल्क

40 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

कार्यालयमा आउनुहोस् वा फोन गर्नुहोस्।

स्थानीय गतिविधि प्रवर्द्धन शाखा आजीवन अध्ययनको जिम्मेवार कर्मचारी
☎ 03-5744-1443 Fax 03-5744-1518

## सूचना विश्वविद्यालय आदिमा आबद्ध व्यक्तिहरूको लागि ऋण ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी

**ओता सहरमा अध्ययन गर्ने इच्छा हुँदाहुँदै पनि आर्थिक कारणले गर्दा अध्ययन गर्न कठिन परिवारको विद्यार्थीहरूलाई ऋण ढाँचाको छात्रवृत्ति दिइरहेको छ।
*सर्त तथा छनौट मापदण्डहरूको लागि सम्पर्क गरी सोधपुछ गर्नुहोस्।**

अप्रिलको अन्तिम हप्ता~जुनको पहिलो हप्ता तिर

राष्ट्रिय तथा सार्वजनिक: 35,000 येनसम्म (मासिक रकम)
निजी: 44,000 येनसम्म (मासिक रकम)

आवेदन दिने ठाउँमा आवश्यक विवरण लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्।

〒144-8621 ओता सहर कामाता 5-13-14
कल्याण व्यवस्थापन शाखा सार्वजनिक सहायताको जिम्मेवार कर्मचारी
☎ 03-5744-1245 Fax 03-5744-1520

## प्रक्रिया नागरिक पेन्सनमा आबद्ध हुने प्रक्रिया

जापानमा निवासी दर्ता प्रमाणपत्र भएका 20 वर्षदेखि 59 वर्षका व्यक्तिहरूले र विदेशी नागरिकहरूले पनि नागरिक पेन्सनमा आबद्ध भई बिमा शुल्क भुक्तानी गर्नु पर्दछ। 10 वर्ष वा सोभन्दा बढी भुक्तानी गर्‍यो भने 65 वर्षदेखि पेन्सन पाइन्छ।

चोट वा रोगले गर्दा काम गर्न नसक्ने भएको बेलामा पाइने "अपाङ्गता पेन्सन" र जीवनयापन गर्नको लागि काम गरिरहेको परिवारको सदस्यको मृत्यु भएको बेला पाइने "मृतकको परिवार पेन्सन" पनि पाइन्छ। जापानमा पहिलो पटक आएको बेला र कार्यस्थल छोडेको बेला प्रक्रिया गर्नु पर्दछ।

बिमा शुल्क भुक्तानी गर्न कठिन अवस्थामा छुटको लागि आवश्यक प्रक्रिया गर्नुहोस्।

विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

मासिक 17,920 येन (आर्थिक वर्ष 2026 साल)

- काउन्टरमा पेस
- हुलाक
- वेबसाइटबाट आवेदन

नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा नागरिक पेन्सनको जिम्मेवार कर्मचारी
〒144-8621 ओता सहर कामाता 5-13-14
3F 12 नम्बर काउन्टर
☎ 03-5744-1214
सोमबार~शुक्रबार 8:30 am~5:15 pm

ओता पेन्सन कार्यालय
〒144-8530 ओता सहर मिनामी कामाता 2-16-1
टेक्रोपोर्ट कामाता सेन्टर बिल्डिङ 3F
☎ 03-3733-4141
सोमबार 8:30 am~7:00 pm
मंगलबार~शुक्रबार 8:30 am~5:15 pm
दोस्रो शनिबार 9:30 am~4:00 pm

## प्रक्रिया नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि चिकित्सा खर्च फिर्ता गर्नेबारे

बसाइँ सरेको, अन्य जापानको सार्वजनिक स्वास्थ्य बिमामा आबद्ध भएको, बसोबास म्याद समाप्त भएको जस्ता कारणले ओता सहरको नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि ओता सहरको माइना बिमा कार्ड, योग्यता निश्चय पत्र आदि प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा तपाईंले ओता सहरले बेहोरेको भागको चिकित्सा खर्च फिर्ता गर्नु पर्दछ।

अन्य स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा तपाईंको नागरिक स्वास्थ्य बिमा स्वतःरद्द नहुने हुनाले अनिवार्य रूपमा रद्द गर्नको लागि आवेदन दिनुहोस्। रद्दको आवेदन प्रक्रिया नागरिक स्वास्थ्य बिमा योग्यता जिम्मेवार कर्मचारीको काउन्टर, नजिकको विशेष उपशाखा कार्यालय अथवा हुलाक मार्फत पनि गर्न सकिन्छ। ओता सहरबाट अन्य स्थानमा बसाइँ सरेको व्यक्तिको सन्दर्भमा, बसाइँ सराईको आवेदन नै बिमा रद्दको आवेदन हुने हुनाले अलग्गै प्रक्रिया गर्नु पर्दैन।

चिकित्सा खर्च फिर्ता गर्नेबारे
नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा नागरिक स्वास्थ्य बिमा लाभको जिम्मेवार कर्मचारी
☎ 03-5744-1211 Fax 03-5744-1516

ओता सहर नागरिक स्वास्थ्य बिमामा आबद्ध र रद्द प्रक्रियाबारे
नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा नागरिक स्वास्थ्य बिमा योग्यता जिम्मेवार कर्मचारी
☎ 03-5744-1210 Fax 03-5744-1516



©Ota City

## इभेन्ट सेनजोकुइके　वसन्त साँझको प्रतिध्वनि

स्वच्छ अनि सुन्दर प्राकृतिक दृश्यहरू भएको सेनजोकुइकेको भूमिमा "सेनजोकुइके　वसन्त साँझको प्रतिध्वनि" को आयोजना गरिनेछ। वसन्त साँझको प्रतिध्वनि भनेको जापानी परम्परागत कलाका साथसाथै सेनजोकुइकेको सुन्दर प्राकृतिक दृश्यहरूको आनन्द लिन सक्ने सङ्गीतिक प्रदर्शनी हो।
यो मनोहर धुन र प्रकाशद्वारा सिर्जना गरिने प्रदर्शनी जस्ता अद्भुत वातावरणको अनुभव गर्न सकिने इभेन्ट हुनाले नबिर्सीकन यसको आनन्द लिनुहोस्।



आर्थिक वर्ष 2025 साल　आयोजनाको दृश्

2026 साल मे 26 तारिख (मंगलबार)
6:30 pm~8:00 pm *वर्षा भएमा रद्द गरिनेछ।

सेनजोकुइकेको पश्चिमी किनारा "इकेजुकिक्यो"
ओता सहर मिनामिसेन्जोकु 2-14-15
जाने तरिका　तोक्यु इकेगामी लाइन सेनजोकुइके स्टेसनबाट हिँडेर 5 मिनेट

निशुल्क

उभिएर हेर्ने (बस्ने सिट पहिले नाम लेखाउने 300 जना जतिको लागि योजना गरिएको छ)

आयोजक "सेनजोकुइके　वसन्त साँझको प्रतिध्वनि" कार्यपालिका समिति/ओता सहर

सांस्कृतिक कला प्रवर्द्धन शाखा　सांस्कृतिक कला प्रवर्द्धनको जिम्मेवार कर्मचारी
☎ 03-5744-1226
Fax 03-5744-1539
Email：bunka@city.ota.tokyo.jp

## इभेन्ट टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2026 को आयोजना गरिनेछ।

ओता कुमिन हल, आपुरिकोमा टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2026 को आयोजना गरिनेछ।
के तपाईं ज्याज र पप्स् जस्ता विभिन्न प्रकारका सङ्गीतको आकर्षणको अनुभव गर्न चाहनुहुन्छ?



2026 साल मे 2 तारिख (शनिबार), 3 तारिख (आइतबार, सार्वजनिक बिदा), 4 तारिख (सोमबार, सार्वजनिक बिदा)

ओता कुमिन हल, आपुरिको
टोक्यो महानगरपालिका ओता सहर कामाता 5-37-3

ओता सहरमा बसोबास गरिरहेका विदेशी नागरिकहरूलाई 2 तारिख र 3 तारिख शुल्क लाग्नेछैन।
(रेजिडेन्स कार्ड आदि देखाउनुहोस्। अग्रिम रूपमा दर्ता गर्नुपर्नेछ।)
(केही भाग शुल्क लाग्नेछ। रकम सम्बन्धी विस्तृत जानकारीको लागि यहाँ हेर्नुहोस्। https://timf.jp/)

टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव कार्यपालिका समिति कार्यालय (सह-आयोजना: ओता सहर)
टिकट, कार्यक्रम आदि सम्बन्धी विस्तृत जानकारीको लागि यहाँ हेर्नुहोस्।
https://timf.jp/
☎ 080-1339-7750
Email：contact@timf.jp

"Ota City Navigation" प्रिन्टको प्रकाशन यसै अंकसँगै समाप्त हुँदैछ।
अहिलेसम्म निरन्तर पढिदिनु भएकोमा धन्यवाद।
हामी आगामी दिनहरूमा "ओता बहुसांस्कृतिक स्क्वायर" मार्फत दैनिक जीवनमा उपयोगी हुने जानकारी निरन्तर प्रदान गर्नेछौं।
https://www.ota-goca.or.jp/life/

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)　▼ बहुभाषी परामर्श काउन्टर　▼ ओता बहुसांस्कृतिक स्क्वायर

प्रकाशन　ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　Fax 03-5744-1323

ब्याक नम्बर हेर्न सकिन्छ। ▶